नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 24 No 11 Monthly International Edition of Herald of His Coming November 2023

वर्ष २४, अङ्क ११ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (मङ्सिर, २०८०)

ख्रीष्टको महिमा हेर

(The Glory of Chirst-Behald)

By Charles H. Supergon (1834 - 1812)

"अनि वचन देहधारी हुनुभयो र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा विचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनु भएको एकमात्र पुत्रको जस्तो थियो ।" (यूहन्ना :१४) मेरा भाईहरू ! हामीले विश्वासद्वारा के हामीले उहाँको जटिल व्यक्तित्वको महिमा देखेका छौं ? के हामीले उहाँलाई अनन्तका पिता परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने जान्यौं ? बुझ्यौं ? के हामीले उहाँलाई विश्वासद्वारा हेर्‍यौं ? उहाँ पितासँग हुँदा होस् यस पृथ्वीमा मानवरूप लिएर आउँदाहोस् उहाँ पिताका प्रिय हुनुहुन्थ्यो । हामीले उहाँलाई देखेकाछौं र उहाँको पिता सँगको यात्रा एकदमै पुरानो थियो भन्ने पनि हामीले चिन्यौं । उहाँलाई हामी सृष्टिको सुरुमै परमेश्वरले आकास र स्वर्ग सृजना गर्ने वेलातिरै देख्यौं । हरेक थोप्लो र उहाँको सृष्टिको महान वुद्धिमा र योजना सँगै हामीले देख्यौं । पृथ्वीको र सम्पूर्ण वस्तुहरूको सृष्टि उहाँ सल्लाह गरेर नै वनाउनु भएको हामीले देख्न सक्दछौं । "सबैथोक उहाँद्वारा बनिए, र बनिएको कुनै पनि थोक उहाँ बिना वनिएन ।"(यूहन्ना १: ३)

हामीले ख्रीष्टलाई पिताको सिंहासनको दाहिने वाहुलि तिर वस्नुभएको देख्यौं । हामीले यो पनि थाहा गर्‍यौं समुद्रलाई उहाँले आफ्नो आराधना गर्न बोलाउनुहुन्छ, र संसारका प्राणलीले उहाँको इच्छा पालन गर्दछन् । हेर ! आज उहाँको हातमा स्वर्ग र मृत्यु र नरकका साँचाहरू छन् । उहाँको ईश्वरत्वको विषयमा हामीलाई कुनै शंका नै छैन ।"पूर्वजहरू यिनीहरूका नै हुन् र ख्रीष्ट पनि शरीर अनुसार तिनीहरूसँगै वंशमा हुनुहुन्छ । सर्वोच्च परमेश्वर, जसको युगाना युग स्तुति होस् । आमेन ।"

हामीले उहाँलाई मानवको रूपमा पनि देखेका छौं । हामीले उहाँलाई हाम्रो आमाको रूपमा हुनुहुन्छ भनी बुझेका छौं । उहाँ हाम्रो हड्डीको हड्डी, माशूको मासु भनेर चिन्दछौं । तर हामीले भोगेका दोषहरूमा उहाँ दोषि हुनुहुन्न । मानिस कमजोर, पीडा, भोक तिर्खा, मृत्यु, दाग जस्ता कुराले भरिएको छ तर उहाँ परमेश्वरका सिद्ध वेदाग थुमा हुनुहुन्छ । हामीले उहाँलाई यस्तो जटिल व्यक्तित्वको रूपमा देखेका छौं । मानिसका लागि उहाँ परमेश्वर वन्नु भएको होइन, तर मानिस उहाँसंग रहन भनी निश्चित उद्देश्य राखेर सृजिएको हो । मानिसले परमेश्वरको परिभाषा दिन सक्दैन, तर केवल परमेश्वरले मात्र । ख्रीष्ट पूर्ण परमेश्वर र पूर्वमानव हुनुहुन्छ । ख्रीष्ट परमेश्वर नै हुनुहुन्छ । मानिस मानिस नै हो । हामीले ख्रीष्टमा

एउटा सुन्दरताको चमक देखेका छौं । जुन परमेश्वरलाई चिनेका मानिसहरूले मात्र परमेश्वर कस्तो हुनुहुन्छ भनी बुझ्दछन् र तिनीहरूले मात्र स्वर्गिय परमेश्वरको साँचो चमक देख्न सक्दछन् । हामीसँग ख्रीष्ट वाहेक यो पृथ्वीमा को छ ? हाम्रो इच्छा प्रकट गर्न सक्ने उहाँ वाहेकको छ ? कोही पनि छैन ख्रीष्ट बाहेक ।

उहाँको प्रेम र वलिदान : अर्को कुरा, हामीले उहाँको महिमा देखेका छौं उहाँको व्यक्तित्व मात्र होइन । उहाँले राख्नु भएको महान् उद्देश्यमा यी कुराहरू देख्न सकिन्छ । उहाँको उद्देश्य के थियो ? हो उहाँको प्रेम, उहाँको प्रेम कति महान् छ, उहाँले तिनीहरूलाई प्रेम गर्नुभयो । जस्ले उहाँलाई चिनेकै छैनन्, उहाँलाई क्रुसमा टाँग्नेहरूलाई प्रेम गर्नुभयो । जुन प्रेमलाई कसैले पनि बराबरीको बनाएर तुलना गर्न सकिँदैन । त्यो वलिदानको प्रेम हो । हाम्रो अँध्यारो जीवनमा चम्किरहेको ज्योति जस्तो हामीले उहाँलाई देख्न सक्दछौं । यस्तो प्रेम अरु कसैले कहिल्यै गर्न सक्दैन । त्यसपछि, हामीले उहाँले आफै प्राण त्याग गर्नुभएको महिमाको दृश्य देखेका छौं । हामीले उहाँलाई सबैबाट त्यागिएको, मुकुट र राजदण्ड, पोशाक, वैभव, इज्जत नभएको जस्तो देख्यौं । त्यति मात्र होइन, उहाँ पिडामा परेको मानिस मात्र हुनुहुन्छ भनी देखेका छौं भने त्यति मात्र होइन, उहाँ सम्पूर्ण मानव जातिको पापको मुल्य चुकाउन आज्ञाकारी क्रुसमा मर्नु पनि भयो यो सत्यता भुल्नु हुँदैन । हामीले संसारको इतिहास पढेका छौं तर ख्रीष्टजस्तो वलिदान दिने व्यक्ति कहिल्यै पनि देखेका छैनौं । उहाँमा व्यक्तिगत स्वार्थ कल्यै भएन त्यसकारणले हामीले उहाँलाई कुनै कुराले नियन्त्रण गर्न सक्ने छैनौं । उहाँमा आफ्नो केही पनि भाग थिएन त हामी यसरी लेख्न सक्दछौं, "यसले अरुहरूलाई बचायो भने के आफैलाई बचाउन सक्दैन र ।"(मत्ती २७ : ४२)

उहाँको सहनशीलता र लगनशीलता :हामीले उहाँको सशनशीलताको महिमा देखेका छौं । उहाँ जीवनका हरेक क्षणमा प्रलोभनमा पर्नुभएको छ तर उहाँ कुनै विन्दुमा पनि असफल देखिनु भएको छैन । संसारको महिमा उहाँको खुट्टामा थियो उहाँले यस पृथ्वीको महिमा भन्दा हाम्रो मुक्तिलाई ध्यान दिनुभयो । मीश्र देशका सबै खजनाहरू भन्दा पनि हामीलाई उहाँले बहुमुल्य सम्पत्तिको रूपमा रोज्नुभयो । उहाँले निन्दालाई पुरस्कारको रूपमा हेर्नुभयो । हाम्रो अध्ययन अनुसार उहाँलाई मानिसहरूले निन्दा गरेको हामी देख्न सक्दछौं तर उहाँले त्यसको कहिलै प्रतिकार गर्नुभएन । मुखैमा थुक्दा पनि कुनै प्रतिकार नगर्ने कस्तो स्वभाव । हामी उहाँलाई तुच्छ ठान्ने मानिसहरू देख्दछौं तर उहाँको कुनै प्रतिकार छैन । हामी उहाँलाई अभियुक्तहरू विचमा देख्छौं तर कुनै अपराधविना, अरु मानिसहरूले यस्तै गरेका छन् तर हामीले ख्रीष्टलाई स्विकार गरौं यी सबै क्रुसहरू उहाँले हाम्रो निम्ति भोग्नुभयो । धेरै पानीले उहाँको प्रेमलाई बुझाउन सकेन न बाढीले त्यसलाई डुबाउन वा बगाउन सक्यो । संसारमा उहाँलाई घर, धन सम्पत्ति प्रदान गर्ने प्रयास गरियो तर उहाँले यी सबै कुरालाई तुच्छ सम्झनुभयो । मुक्तिदाता हाम्रो निम्ति मर्नुभयो यस्तोको अरु शहिद हुन सक्छ उहाँले कस्तो कपट सहनु भयो । पापीहरूसँगै उहाँलाई झुण्ड्यायो तर उहाँले आफ्नो प्रेम मानिसहरू प्रति कति पनि कम भएन ।

महान् प्रभु येशू तपाईंजस्तो सहनशील अर्को मानिस यस संसार मानै कोही पनि छैन । हामीले उहाँको महिमा देखेका छौं । यसको उद्देश्य ख्रीष्टले हामीसँग गहन सम्बन्ध निर्माण गर्न भेट हुने पालको निर्माण गर्न चाहनु भयो ।

अनि हामीले उहाँको महिमालाई अनुभव गर्दै उहाँ कसरी जीवनको अन्त तिर सभ्य सहनशील हुनुभयो त्यो पनि अनुभव गर्न सक्छौं । उहाँले आफुलाई तिरस्कार गरेर अरुहरूलाई प्रेम गर्नुभयो । 'अब समाप्त भयो' (यूहन्ना १९ : ३०) भन्ने वाक्य उहाँले प्रयोग गर्नु भयो तर उहाँले आफ्नो काम कहिलै पनि रोक्नु भएन । त्यसपछि उहाँ मर्नुभयो तर उहाँको काम लगातार बढिरहेको छ । उहाँ चिहानको खातिर आराम गर्नुहुन्न, र

यरुशलेमको खातिर उहाँ दिन र रातमा कहिले शान्त रहनु भएन । परमेश्वरले उहाँको महिमालाई कहिले पनि निभ्न दिनुहुन्न त्यो लगातार वलिरहने छ । उहाँको धार्मिकतालाई जल्न दिन उहाँ सधैँ खुशी हुनुहुन्छ ।

उहाँको अन्तिम विजय: त्यसपछि हामीले उहाँको अन्तिम विजयमा उहाँको महिमा देखेका छौँ । हो, भाइहरू हो ! विश्वासद्वारा हामीले सूर्य अँध्यारो भएको क्षण देखेका छौ, जब पृथ्वी हल्लीन्छ चट्टानहरू च्यातिन्छन्, खीष्टको महिमाले अँध्यारो भएको देखेका छौं भने संसारले पनि खीष्टलाई अँध्यारो पार्न खाजेको छ तर उहाँको शक्तिले चट्टानहरू चकनाचुर पारेको देखेका छौँ । यस्तै उहाँले मानिसको हृदयलाई पनि चकनाचुर पारेको हामीले देखेका छौँ ! पुनरुत्थान हुने वेलाको तस्विर हामीले देखेका छौँ । हामीले त्यो भन्दा अगाडि अपराधिहरूले घिस्याएको, दुख दिएको, ठूलो काठको क्रुस बोकाएको, अत्याचारीलाई झैं व्यवहार गरेको देख्यौँ । हाम्रो विश्वासले अनन्त पहाडमा उहाँलाई सवार भएको देखेको छ । उहाँको यो कृपाले हामीले स्वर्गीय ढोकाहरू खुला र फराकिलो भएको देख्यौं । जसरी स्वर्गदूतले भनेका थिए "हे मूल ढोका हो, तिमीहरूका शिर उठाओ, हे प्राचीन ढोका हो, उच्च होओ, र महिमाका महाराजा तीबाट प्रवेश गरुन् ।" (भजनसंग्रह २४ : ७)

हामी विश्वासद्वारा वीजयमा प्रवेश पाएका मानिस हौँ । भर्खरै माथि पढेको खण्डबाट सिद्ध वनाइएका आत्माहरूको आवाज हामीले सुनेका छौ । सबै भन्दा माथि परमेश्वरको आवाज सुनेका छौँ । हामीले आफ्ना हातहरू उठाएर "राम्रो भयो, तपाईंले आफ्नो पिताको इच्छा पुरा गर्नुभयो" भन्नुपर्दछ । हामीले उहाँलाई सिंहासनमा वस्नुभएको देखेका छौं । जहाँको स्वर्ग र पृथ्वीका हरेक प्राणीले उहाँलाई यसो भन्ने छन् ।"हल्लेलुया ! हल्लेलुया ! हल्लेलुया ! सबै शक्तिमान परमप्रभु परमेश्वरले राज्य गर्नुहुन्छ ।

होइन, हाम्रो विश्वास विगतका कुराहरू भन्दा बाहिर गएको छ । हामीले उहाँको महिमा स्पष्ट सँग देखका छौं । हामीले उहाँले आफ्ना भोजनहरूलाई एक एक गरिल्याएको देखेका छौँ । उहाँको यो प्रार्थना सुनिएको छ । "पिता म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनु भएकाहरू म जहाँ छु म सँग रहून र मेरो महिमा देखून, जनु महिमा संसारको सृष्टि हुन अघि देखिनै मलाई प्रेम गर्नु भएको हुनाले तपाईंले मलाई दिनुभएको थियो ।"(यूहन्ना १७:२४)

हामीले उहाँलाई मुक्तिको रथमा दिनदिनै हिँड्नु भएको देखेका छौँ । उहाँका हातहरूले नम्र मानिसहरूलाई कृपा छरिरहेको छ र हामीले पनि उहाँलाई यसरी पुकारा गर्यौं । "हे पराक्रमी आफ्नो तरवार आफ्नो तिघ्रमा बाँध ।" (भजनसंग्रह ४५ : ३)

बारम्बार हाम्रो प्रार्थना "हे येशू तपाईंले हाम्रो प्रार्थना सुन्नुभएको छ, बाहिर आउनुहोस, स्वर्गले तपाईंको आज्ञा मान्दछ, तपाईंको उपस्थितिले पृथ्वी अल्लिन्छ, नर्क तपाईंसँग डराउँछ, दुष्टहरू निरास हुन्छन्। हे पिता तपाईं अगाडि आउनुहोस्, आफ्नो तिर धनुमा राख्नुहोस् तपाईंको चम्किलो माला उठाउनुहोस् । को तपाईंको मार्गमा बस्न सक्छ र ? वा तपाईंको उपस्थितिमा को खडा हुन सक्छ र ? हावाले भुसलाई उडाएर लगेमा तिनीहरू उडाइने छन् र ज्वालाको अगाडि परालझैं तिनीहरू पूर्ण रूपमा भष्म हुनेछन् ।

हामीले विश्वासद्वारा दोस्रो आगमनलाई देखेका छौ र हाम्रो त्यतैतिर लम्किरहन्छौँ । हामीले पिताका एकमात्र पुत्रको महिमा आफ्नै आँखाले देखेका छौँ । उहाँ आउँदै गर्नुभएको हामीले देख्यौँ ।

तर उस्तै होइन
एकपटक नम्रतामा उहाँ
आउनुभयो
आफ्ना शत्रुहरूको सामु एक
मौन थुमा,
एक थकित मानिस,
र कस्टले भरिएको
हामीले उहाँलाई आएको
देख्यौं ।"
"डरलाग्दो रूपसँग,
इन्द्रेणी - भाला र
आँधिवेहरीको लुगासँग,

करुव पखेटाहरू र हावाका
पखेटाहरूमा,
पूर्ण मानवजातिको
न्यायकर्ता नियुक्ति !

अनि त्यसपछि हामीले न्यायलाई स्पष्टै देख्यौं । हामीले उहाँको विजयको महिमा सहन नसक्ने पृथ्वीलाई देखेका छौं । हामीले उहाँका शत्रुहरूको विलाप सुनेका छौं । हामीले तिनीहरूलाई उहाँको वेदीमा भेडाको वोसोझै पूर्णतया भष्म भएको ज्वालाको अगाडि मैन पग्लिए जस्तै पग्लिएको देख्यौं । अन्तमा हामीले विश्वासद्वारा अन्त देखेका छौं । त्यतिवेला उहाँले पितालाई आफ्नो राज्य सुम्पनु हुनेछ । हामीले विजयको नारामा सम्पूर्ण इतिहास को अन्तिम शब्द पनि विश्वासबाट सुनेका छौं ।

हेर, याकूवका झण्डाहरू
फरहाए,
आफ्नो तरवार म्यानमा फर्क्यो
उ वोल्छ अब सकियो,
र यस संसारका राज्यहरू,
उहाँमा पुत्रका राज्यहरू हुन् ।"
"म्यान पछि अन्त- उहाँको लौरो
मुनि
मानिसको अन्तिम शत्रु पतन
हुनेछ,
हल्लेलुयाह ! खीष्ट परमेश्वरमा
खीष्टमा परमेश्वर सबैमा
हुनुहुन्छ ।"

(Condensed from a sermon)

प्रेममा आधारित र जरा गाडिएको प्रेम

Rooted and Grounded in Love

By Rich Carmicheal

हेराल्डको यो अंक प्रेमको विषय वस्तुमा आधारित छ । यो अंकमा परमेश्वरले हामीप्रति गर्ने प्रेम, हामीले उहाँलाई गर्ने प्रेम र हामीले अरुहरूलाई गर्ने प्रेम आधारित छ । यो हाम्रो लागि कम्तिमा दुई मुख्य कारणहरूको लागि हृदयमा गहिरो रूपमा लिने विषय हो ।

सबैभन्दा पहिलो, प्रेम हाम्रो जीवनको लागि परमेश्वरको इच्छामा केन्द्रित छ । येशूले भन्नुभयो "अति तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा शक्तिले प्रेम गर्नू । यो पहिलो आज्ञा हो । र दोश्रो पनि यस्तै, यो हो, तैले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर । यी भन्दा ठूलो अरु कुनै आज्ञा छैन ।"(मर्कूस १२: ३० - ३१) "म तिमीहरूलाई एउटा नयाँ आज्ञा दिन्छु, कि तिमीहरू एक अर्कालाई प्रेम गर । जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरूले पनि एक अर्कालाई प्रेम गर ।" (यूहन्ना १३ :३४) हामी प्रेममा प्रसस्त हुनुपर्छ (फिलिस्पी १:९) प्रेममा उत्कृष्ट हुनुपर्छ (१ पत्रुस ४:८) प्रेममा सत्य बोल्नुपर्छ (एफिसी ४:१५) र प्रेममा हिँड्नु पर्दछ । (५:२) । हाम्रो प्रेमले अरुले थाहा पाउने छन् ताकि हामी खीष्टका चेलाहरू हौं । (यूहन्ना १३:३५) र प्रेम विना हामी केही छैनौं । (१ कोरिन्थी १३:१ - ३) यदि हामीले प्रेम गर्दैनौ भने हामीले परमेश्वरलाई चिन्दैनौं किनकि परमेश्वर प्रेम हुनुहुन्छ । (१ यूहन्ना ४:८)

प्रेमको विषयवस्तुलाई गम्भिरतापूर्वक लिनुपर्ने दोश्रोकारण चाहे येशूले हामीलाई चेतावनि दिनुहुन्छ कि "अन्तका दिनहरूमा धेरैको प्रेम सेलाएर जानेछ" (मत्ती २४:१२) मानिसहरू आफैलाई प्रेम गर्ने, रूपैयाँ पैसाको प्रेम गर्ने र परमेश्वरलाई प्रेम गर्ने भन्दा आनन्द भोगि मानिसहरू दिनानुदिन बढ्दैछन् (२ तिमोथी ३: १ - ४) यसको साथसाथै दरिला विश्वासीहरू पनि विस्वासबाट पछि हट्ने छन् । प्रकाशको पुस्तकमा एफिसीको मण्डलीलाई येशूले दिनुभएको गम्भिर हप्किलाई विचार गर्नुहोस् - असल कामहरू, होसियारी सिद्धान्त, लगनसिलताले चिन्ह लगाइएको मण्डलीलाई उहाँले भन्नुहुन्छ "तैपनि मसँग यो छ, कि तिमीले आफ्नो

पहिलो प्रेम छोडेका छौं ।" (प्रकाश २:४)

यी सबै कुराहरूलाई विचार गरेर हामीले आफैलाई सोध्ने एउटा गम्भीर प्रस्ट यो हो कि हाम्रो जीवनमा परमेश्वरको चिन्ह छ कि छैन ? के हामीले हाम्रा प्रभुलाई आफ्नो सारा हृदयले, सारा प्राणले, सारा समझ शक्तिले प्रेम गर्छौं ? के हामी जीवन हाम्रो भाइहरू प्रति, छिमेकीहरू प्रति र शत्रुहरूप्रति पनि प्रेमले भरिएको छ ?

पुनर्जीवित प्रेम:

यदि तपाईंले परमेश्वर र अरुको लागि आफ्नो प्रेममा कुनै कमी महसुस गर्नुभयो भने, तपाईंले आफ्नो प्रेमलाई पुनजीवित पार्न सक्नुहुन्छ । येशूले एफिसीको मण्डलीलाई तिनीहरूले पहिलो प्रेम त्यागेकोमा हप्काउनु भयो । साथै उहाँले तिनीहरूलाई बोलाएर पश्चाताप गर्न पनि दिनुभयो "यसकारण तिमीहरू कहाँबाट खसेका छौ, सम्झ । पश्चाताप गर र पहिलेका कामहरू गर ।" (प्रकाश २: ५) प्रेरित पावलले हामीलाई सम्झना दिलाउँछन् कि प्रभुले हामीलाई "एक अर्का र सबैलाई प्रेममा वृद्धि र प्रशस्त बताउन सक्नुहुन्छ । (१ थिस्सलोनिकी २ : १२, फिलिस्पी १:९) जब हामीले आफ्नो जीवनलाई पवित्र आत्माको सेवाकाइमा खोल्छौं उहाँले हामीमा प्रेमको फलफलाउनु हुनेछ । (गलाती ५ :२२) र हाम्रो हृदयमा परमेश्वरको प्रेम खन्याउनु हुनेछ (रोमी ५:५) र, हामीले एकअर्कालाई विचार गर्दा, हामी प्रेम र असल कामहरू जगाउन सक्छौं । (हिब्रू १० : २४)

यी सबै कूराहरूलाई ध्यानमा राखेर हामी आशा गर्छौं कि यस अंकमा भएका सम्पूर्ण सन्देशहरूले परमेश्वर र अरुहरूप्रति तपाईको प्रेमलाई तिव्र पार्न तपाईंको हृदयमा काम गर्नेछ । हाम्रो प्रार्थनामा प्रेरित पावलले गरेजस्तै "तिमीहरूलाई उहाँको महिमाको धनको आधारमा, भित्री मनुसत्वमा उहाँको आत्माद्वारा बलियो बनाइदिनु हुन्छ, ताकि खीष्टको विश्वासद्वारा तिमीहरूको हृदयमा वास गरुन् । कि तपाईं प्रेममा जरा गाडिएको र आधारमा सबै सन्तहरूसँग चौडाई, लम्बाई, गहिराई र उचाइ के हो भनेर बुझ्न सक्षम हुन सक्नु हुनेछ भनी परमेश्वरसँग नम्र विन्ति गर्दछौं ।"

"ज्ञानलाई माथ गर्ने खीष्टको प्रेमलाई जान्नको लागि, परमेश्वरको सम्पूर्ण पूर्णताले तिमीहरूले भरिपूर्ण हुन सक्छौ ।" (एफिसी ३ :१६ - १८)

प्रेमको ईश्वर खोज्दै

Seeking The God of Love

By Lois J. Struky
(1928 – 2014)

परमेश्वरको महिमालाई जीवनबाट प्रकट गर्नु भनेको परमेश्वर पिता र उहाँका पुत्र येशू खीष्ट र पवित्र आत्मालाई हाम्रो बिचमा ल्याउनु हो । यो महान् स्वर्गिय आशा पनि हो । नयाँ करारमा हेर्ने हो भने जब कोरिन्थीको मण्डली विभिन्न मतभेद र विभाजनसँग संघर्ष गरिरहेको थियो यस्तो अवस्थामा पावल प्रेरितले तिनीहरूलाई यसरी आग्रह गरेका छन् "सिद्धान्तको लक्ष राख । सान्त्वना पाओ । एउटा अर्कासँग सहमत होओ । शान्तिमा रहो, र प्रिय र शान्तिका परमेश्वर तिमीहरूसँग हुनुहुनेछ ।" (२ कोरिन्थी १३ : ११)

यो अन्धकारमय संसारमा जहाँ पापीहरू नासतिर जाँदैछन् मण्डलीले कस्तो प्रभाव पार्न सक्दछ यो समयमा ? मण्डली साँच्चीकै परमेश्वरको महिमाले उज्जव भएको हामी देख्न सक्दछौं । अहो! यो समयमा मण्डलीले परमेश्वरको थप हृदय, अधिकार पवित्रता र प्रेमको आशा गरेका छन् । विश्वव्यापी मण्डलीहरूले यस्तै प्रकारको आशा राखून् । हरेकको प्रार्थना पनि यस्तै होस् अब हाम्रो आफ्नो स्वार्थ कम र उहाँको आत्माको काम धेरै हुन सकोस् । परमेश्वरको प्रेममा रहेर एउटाले अर्कालाई सहेर, उत्साह दिएर, परमेश्वरको महिमाको काम आज हरेक मण्डलीले गर्न सकोस् यसरी हामीले ईश्वरिय अलौकिक प्रेमको अनुभव गर्न सक्नेछौं ।

तपाईंले परमेश्वरलाई कसरी प्रेम गर्नुहुन्छ ?

How do you Love God ?

By Dave Bults (1953 – 2022)

परमेश्वरको वचन प्रतिको आज्ञाकारिता, पाप स्वीकार, पश्चाताप, पवित्रतामा हिँड्नु यी सबै कुराले हामीले परमेश्वरलाई गरेको प्रेमको प्रदर्शन गर्दछ । यी कुराहरूबाट हामी खीष्टियन जीवनमा कहिले पनि विचलित हुनुहँदैन । साथै मैले परमेश्वरलाई प्रेम गर्छु भनेको के हो ? भन्ने कुरालाई म यहाँ स्पष्ट पार्न चाहन्छु । यो सरल पनि छ परमेश्वरलाई प्रेम गर्छु भनेको उहाँमा हुन चाहनु र रहिरहनु हो ।

परमेश्वरसँग रहिरहने हाम्रो मानविय प्रवृत्ति पनि हो । जब हामी कसैलाई माया गर्दछौं, त्यस प्रति आकर्षित हुन्छौ । हामी एक आपसमा समय बिताउन, वातचित गर्न पनि चाहन्छौं होइन र ?

पुरानो करारमा दाउदले परमेश्वरसँग यस्तै उत्कृष्ट ईच्छा प्रकट गरेका छन् "एउटा कुरा म परमेश्वरसँग माग्दछु, मैले खोजेको त्यही हो र म मेरो जीवन भरि परमप्रभुको भवनमा बस्न सकूँ, परमप्रभुको सुन्दरतालाई हेर्न र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ ।" (भजनसंग्रह २७ : ४)

यो विचार एउटा प्रेम गर्ने हृदयको रोदन हो 'हे प्रभु म तपाईसँग रहन पाऊँ । तपाई पनि वास्तवमा मसँग हुन चाहनुहुन्छ । यस्तो गहन इच्छालाई प्रकट गरिएको धेरै खण्डहरू भजनसंग्रहको पुस्तकमा लेखिएका छन् । भजन ८४: यसको असल उदाहरण हो । यहाँ परमेश्वरको उपस्थितिमा बाँच्न गरिएको विन्ति लेखिएको छ ।

"हे शर्वशक्तिमान परमप्रभु, तपाईको वासस्थान कति सुन्दर छ ! मेरो आत्माले परमप्रभुको भवनको निम्ति तृष्णा गर्छ र बेहोस् पनि हुन्छ । मेरो हृदय र शरिरले जीवित परमेश्वरको लागि पुकार गर्दछ ।" (भजनसंग्रह ८४ : १-२)

हाम्रो लागि साँचो सुसमाचार प्रचार गर्न यरुसलेम वा अन्यत्र जानुपर्दैन, उहाँले हामीसँग आफ्नो घर बनाउन चाहनुहुन्छ । येशूले आफू र पिताको सम्बन्धको बारेमा यसरी भन्नुभयो । "हामी उहाँ कहाँ आउने छौं । (उहाँलाई प्रेम गर्ने) र उहाँसँग हाम्रो घर बनाउने छौं ।" (यूहन्ना १४:२३) उहाँ हामीसँग बस्न चाहनुहुन्छ तर हाम्रो विशेष समस्या भनेको उहाँको उपस्थिति को बारेमा सचेत नहुनुनै हो ।

परमेश्वरसँग नजिक हुन नचाहनु भनेको हाम्रो उहाँप्रतिको प्रेमको कमि नै हो । किनभने हामी परमेश्वरको सम्बन्धको विषयमा त्यति गम्भिर छैनौं । किनभने हामी हाम्रो दैनिक दिनचर्यामा अरु मानिसहरूले काम गरेको थाहै पाउँदैनौ, त्यो यस्तै हुन्छ । हामीले सजिलै यस पृथ्वीमा अचम्मका सृष्टिकर्तालाई सजिलै बिर्सन्छौं । वास्तवमा परमेश्वर स्वयं हाम्रो बिचमा वास गर्ने आउनु भएको छ ।

परमेश्वरसँगको सम्बन्धको विषयमा एउटा खेती सँग तुलना गर्न सकिन्छ किनभने खेति पाक्न समय लाग्दछ । उहाँसँग समय विताउँदा, जुन आनन्द प्राप्त गर्न सकिन्छ त्यसको लागि समय लाग्न सक्दछ । यसमा वचन अध्ययन र प्रार्थनाको समयले निर्धारण गर्दछ । परमेश्वरबाट हामीले के उत्तर प्राप्त गर्दछौं त्यतातिर ध्यान दिनु भन्दा हामी उहाँको उपस्थितिमा कति समय वितायौं त्यो महत्वपूर्ण हुन्छ । हाम्रो जीवनका अन्तरदृष्टिको लागि बाइबल पढ्नुको सट्टा (यद्यपि त्यो पनि बहुमूल्य छ) हामी हाम्रो बाइबललाई परमेश्वरसँग भेट्ने ठाउँको रूपमा हेर्न थाल्छौं ।

परमेश्वरले हामीलाई धेरै प्रेम गर्नुहुन्छ त्यसकारणले गर्दा उहाँले क्रुशको दुःख सहनुभयो । ताकि हामी उहाँमा अनन्त जीवन प्राप्त गर्त सकौं । उहाँले हामीलाई उहाँसँगै भएको चाहनुहुन्छ । हामी जतिसमय यस पृथ्वीमा रहन्छौ उहाँ हामीसँगै रहन चाहनुहुन्छ भने स्वर्गमा पनि उहाँले हामीलाई आफुसँगै रहन चाहनुहुन्छ । यस पृथ्वीमा हामीलाई दिइएका हरेक दिन परमेश्वरसँग विताउने प्रयास गरौं ।

– Condonsed

खीष्ट येशूका आज्ञाहरू

विश्वास सम्बन्धमा

- सु-समाचारमा विश्वास गर, मर्कूश १ :१५
- पिता र ममा विश्वास गर, यूहन्ना १४ : १
- मलाई पठाउनेलाई विश्वास गर, यूहन्ना : २८ - २९
- पिता ममा र म पितामा छौ भनेर विश्वास गर, यूहन्ना १४ : ११
- मैले गरेका काममा विश्वास गर यूहन्ना १० : ३७ - ३८
- मैले जे पिताबाट पाएको छु त्यसमा विश्वास गर मकूर्श ११ : २४

नयाँ जन्मको सम्बन्धमा

- नयाँ गरि जन्मनै पर्छ, यूहन्ना ३ : ७
- तिमीभित्र भएकोलाई सफा गर मत्ती २३ : २६
- रुख राम्रो वनाउ र फल राम्रो हुन्छ मत्ती १२ : ३३
- म मा रहो र म तिमीहरूमा यूहन्ना १५:४
- नून जस्तै वन मकूर्श ९ : ५०
- अनन्त जीवनको निम्ति दु:ख गर यूहन्ना ६:२७
- आनन्दित बन किनकि तिम्रो नाम स्वर्गमा लेखिएको छ लूका १०:२०

पवित्र आत्मा पाउने सम्बन्धमा

- पवित्र आत्मा लिओ : यूहन्ना २० :२२
- पहिला वालवालीकाले थाहा पाउन मकूर्श ७ : २७
- तिर्खाउने आओस र पिओस् - यूहन्ना ७ : ३७ -३८
- मेरो आज्ञा पालन गर पिताले आशिष दिनुहुन्छ यूहन्ना १४ :१५-१७
- आनन्दले माग पाउनेछौ यू. १६ : २४, लुका ११:५ - १३
- सल्लाहकारको गवाही दिनुहुन्छ यूहन्ना १५ : २६

येशूको पछि लाग्ने सम्बन्धमा

- मलाई पच्छाउ यूहन्ना १२ : २६
- बप्तिस्मा लेऊ मत्ती ३ : १३, २८ : १९
- मेरो सम्झनामा खाने गर लुका २२ : १७ - १९
- एक अर्काको खुट्टा धोऊ यूहन्ना १३ : १४-१५
- कोही मेरो पछि लाग्छ भने आफ्नो क्रूस आफै बोकोस् लुका ९ : २३
- मबाट सिक मत्ती ११ : २९
- मेरो प्रेममा रहो यूहन्ना १५ :९

प्रार्थना सम्बन्धमा

- सधै प्रार्थना गर, लुका २१ : ३६
- परीक्षामा नपर्न प्रार्थना गर लुका २२ : ४० - ४६
- खेतालाको निम्ति प्रार्थना गर लुका ६ : २८
- गाली गर्नेको निम्ति प्रार्थना गर लुका ६ : २८
- पितालाई खीष्टको नाउँमा प्रार्थना गर मत्ती ६:६, यूहन्ना १६ : २४ - २६
- प्रभुको प्रार्थना मत्ती ६ : ९ - १३
- अन्य जातिले जस्तो प्रार्थना नगर मत्ती ६ : ७ - ८

परमेश्वरको नाम र अर्थ

एल्	-	सामर्थका परमेश्वर
एलेहिम	-	सृष्टिकर्ता परमेश्वर
एल ओलाम	-	अनन्तको परमेश्वर
एल् सदाब	-	मलाई देख्नुहुने परमेश्वर
एलोह	-	सम्झनुहुने परमेश्वर
एल गिब्दोन	-	शक्तिशाली परमेश्वर
एल् एलोह इससाइली	-	परमप्रभु इस्राएलका परमेश्वर
एल् एल्योल	-	अति उच्च परमेश्वर
इम्मानुएल	-	परमेश्वर हामीसँग
यह्वे	-	परमप्रभु
यह्वे सिद्धकोन	-	परमप्रभु मेरो धार्मिकता
यह्वे शावोध	-	सेनाहरूका परमप्रभु
यह्वे निस्सी	-	परमप्रभु मेरो झण्डा
यह्वे शे. ए.	-	परमप्रभु मेरो गोठालो
यह्वे मक्कादेश	-	पवित्र तुल्याउनुहुने परमेश्वर
यह्वे एलसलोह क्याना	-	परमप्रभु डाही परमेश्वर
यह्वे पिरे	-	प्रबन्धकर्ता परमेश्वर
यह्वे शम्माह	-	परमप्रभु त्यही परमेश्वर
यह्वे शालोन	-	परमप्रभु मेरो शान्तिका परमेश्वर
यह्वे रोफेका	-	परमप्रभु मेरो चङ्गाइकर्ता

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com